आज मिति २०८२ साल श्रावण महिनाको २३ गतेका दिन लुङ्ग्री गाउँपालिकाका अध्यक्ष श्री भरत कुमार थापाज्यूको अध्यक्षतामा यस लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालय भवनमा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहायका पदाधिकारीहरूको उपस्थितिमा तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायका निर्णय गरियो ।

समयः बिहान ११:०० बजे — बैठक संख्याः १

उपस्थितिः

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत कुमार थापा | गा.पा. अध्यक्ष | |
| २ | श्री दिल कुमारी गुरुङ | गा.पा. उपाध्यक्ष | |
| ३ | श्री गणेश पुन | सदस्य | |
| ४ | श्री अमृत घर्तीमगर | सदस्य | |
| ५ | श्री नेम बहादुर खड्का क्षेत्री | सदस्य | |
| ६ | श्री विरबल खड्का | सदस्य | |
| ७ | श्री रिख बहादुर रोका | सदस्य | |
| ८ | श्री जोख बहादुर बुढाथोकी | सदस्य | —— |
| ९ | श्री हिरा बहादुर पुनमगर | सदस्य | —— |
| १० | श्री गौना बिष्ट क्षेत्री | सदस्य | —— |
| ११ | श्री इशा वि.क. | सदस्य | इशा |
| १२ | श्री चन्द्रमा खड्का | सदस्य | —— |
| १३ | श्री दिल कुमारी गुरुङ पुनमगर | सदस्य | —— |
| १४ | श्री छविलाल कामी | सदस्य | —— |
| १५ | श्री पवित्रा कामी | सदस्य | —— |
| १६ | श्री लेपेन्द्र बहादुर बुढाथोकी | सदस्य सचिव | |
| सहयोगी कर्मचारीहरूः | | | |
| १७ | श्री सुन्दर बहादुर घर्ती | रोजगार संयोजक | |
| १८ | श्री गगन खड्का | इन्जिनियर | |
| १९ | श्री निमराज सुवेदी | लेखापाल | |
| २० | श्री गणेश बहादुर बिष्ट क्षेत्री | जिन्सी शाखा प्रमुख | |
| २१ | श्री हिमालय थापा | MIS अपरेटर | |
| २२ | श्री महादेव गुरुङ | कार्यालय सहयोगी | |

लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## १ औं (पहिलो गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

(मिति: २०८२/०४/२३)

| निर्णय नं | विषय | विषयको संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | आ.व. ०८२/८३ को वार्षिक कार्य योजना तर्जुमा सम्बन्धमा । | आ.व.२०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम पारित भएको छ, सो सन्दर्भमा कार्यान्वयनका लागि कार्य योजना तर्जुमा गर्न आवश्यक भएको । | आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनका देहाय बमोजिम गर्ने प्रक्रिया अगाडी बढाउने । | जेश भा बमोजि प्रस्ताव पारित ग निर्णय गरियो |
| | | देहाय:<br>१. शाखा तथा वडागत वार्षिक कार्ययोजना तर्जुमा गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी तोक्ने ।<br>२. गाउँपालिका अन्तर्गत संचालन हुने आयोजना तथा उपआयोजनाहरुमा लाग्ने जन श्रमदान न्युनतम १० प्रतिशत देखि १२ प्रतिशत सम्म मात्र लगाउने ।<br>३. अमानतबाट सम्पादन हुने आयोजनाहरु कार्यालयको आधिकारिक कर्मचारीबाट र एकै प्रकृतिका आयोजनाहरु भएमा एउटै इस्टिमेटबाट कार्यान्वयन गर्ने ।<br>४. उपभोक्ता आयोजना कार्यान्वयनका लागि असोज मसान्त सम्म समिति गठन गर्ने र कात्तिक मसान्त सम्म सम्झौता गर्ने ।<br>५. रोजगार सेवा केन्द्रबाट कार्यान्वयन हुने आयोजनाहरुको लागि बेरोजगार प्राथमिकिकरण भइसके पश्चात मात्र सुरुवात गर्ने । | | |
| २ | विविध सम्बन्धमा | | | |
| २.१ | नव निर्मित भवनको समुद्घाटन सम्बन्धमा । | गाउँपालिकाको प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न भएको छ, सो सन्दर्भमा उक्त भवनको समुद्घाटन गर्न आवश्यक भएको । | गाउँपालिकाको प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न भएको ले उक्त भवनको समुद्घाटन गर्न आवश्यक तयारी गर्न देहायको व्यवस्थापन समिति गठन गर्ने । | जेश भा बमोजिम प्रस्ताव पारित ग निर्णय गरियो |
| | | देहाय:<br>१) दिल कुमारी गुरुङ, गा.पा. उपाध्यक्ष - संयोजक<br>२) गणेश पुन, १ नं वडा अध्यक्ष - सदस्य<br>३) अमृत बहादुर घर्ती, २ नं वडा अध्यक्ष - सदस्य<br>४) नेम बहादुर खड्का, ३ नं वडा अध्यक्ष - सदस्य<br>५) बिरबल खड्का, ४ नं वडा अध्यक्ष - सदस्य<br>६) रिख बहादुर रोका, ५ नं वडा अध्यक्ष - सदस्य<br>७) जोख बहादुर बुढाथोकी, ६ नं वडा अध्यक्ष - सदस्य<br>८) हिरा बहादुर पुन, ७ नं वडा अध्यक्ष - सदस्य | | |
| २.२ | झोलुङ्गे पुलको माग सम्बन्मा । | वडा नं ५ किलाचौर र वडा नं ४ नम्जा जोड्नका लागि झोलुङ्गे पुलको आवश्यकता भएको, सो सन्दर्भमा सम्बन्धित निकायमा बजेट व्यवस्थापनको लागि माग गर्न आवश्यक भएको । | वडा नं ५ किलाचौर र वडा नं ४ नम्जा अन्तर्गत पर्ने "घर्तीबाङ-बग्गा झो.पु." निर्माण गर्न निकै आवश्यकता भएकोले सम्बन्धित निकायमा बजेट व्यवस्थापनको लागि माग गर्ने । | जेश भा बमोजिम प्रस्ताव पारित ग निर्णय गरियो |



रुद्र कुमार थापा
गा.पा.अध्यक्ष

लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## १औं (पहिलो) गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

(मितिः २०८२/०४/२३)

| निर्णय नं | विषय | विषयको संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| २.३ | कार्यालय सहयोगीको पारिश्रमिक सम्बन्धमा । | गाउँपालिकाको विभिन्न कार्यालयमा करारमा कार्यालय सहयोगी कार्यरत रहेको छ, सो सन्दर्भमा निजहरूको पारिश्रमिक सम्बन्धमा प्रस्ताव पेस गर्न आवश्यक भएको । | गाउँपालिकाको विभिन्न कार्यालयमा करारमा कार्यालय सहयोगीहरुले पारिश्रमिक बढाउन माग भए बमोजिम हाललाई बढाउन नसकिने । | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने निर्णय गरियो । |
| २.४ | कार्यविधि संशोधन सम्बन्धमा । | लुङ्ग्री गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ कार्यान्वयनमा रहेको छ, सो सन्दर्भमा उक्त कार्यविधि संशोधन गर्न आवश्यक भएको । | लुङ्ग्री गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ संशोधन का लागि प्रमुख प्रशासकीय अधिकृतलाई अध्ययन गरी आगामी कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्ने । | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने निर्णय गरियो । |
| २.५ | प्राविधिक सहायकको निरन्तरता सम्बन्धमा । | विश्व बैंकको सहुलियतपूर्ण ऋण सहयोगबाट सञ्चालित "युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना" सञ्चालनमा रहेको छ, सो सन्दर्भमा २०८२ असार मसान्तमा उक्त आयोजनाको समापावधी समाप्त भएकोले आयोजनामा कार्यरत प्राविधिक सहायक पदमा नियुक्त कर्मचारीलाई स्थानीय तहबाट निरन्तरता दिन आवश्यक भएको । | विश्व बैंकको सहुलियतपूर्ण ऋण सहयोगबाट सञ्चालित "युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना" को समायावधी २०८२ असार मसान्तमा समाप्त भएकोले नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको चलानी नम्बर ४१९, मिति २०८२/०२/०१ गतेको प्राप्त पत्रानुसार उक्त आयोजनामा कार्यरत प्राविधिक सहायक पदमा नियुक्त भएका कर्मचारीलाई स्थानीय तहको आवश्यकताको आधारमा निरन्तरता दिन सकिने परिपत्रको भए बमोजिम प्राविधिक सहायक पदमा कार्यरत कर्मचारीलाई आ.व. २०८२/८३ मा निरन्तरता दिने । | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने निर्णय गरियो । |
| २.६ | हार्जङ स्वास्थ्य चौकीको लागि कार्यालय सहयोगी पदको विज्ञापन गर्ने सम्बन्धमा । | हार्जङ स्वास्थ्य चौकीकामा कार्यालय सहयोगी पद रिक्त रहेको छ, सो सन्दर्भमा रिक्त रहेको पदमा विज्ञापन आह्वान गर्न आवश्यक भएको। | हार्जङ स्वास्थ्य चौकीकामा कार्यालय सहयोगी पद रिक्त रहेकोले उक्त पदमा पदपूर्तिका लागि प्रकिया अगाडी बढाउने । | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने निर्णय गरियो । |

लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## १^औं (पहिलो गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

(मितिः २०८२/०४/२३)

| निर्णय नं | विषय | विषयको संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| २.७ | सामाजिक सुरक्षा भत्ता सम्बन्धमा । | यस गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत वितरण भैरहेको छ, सो सन्दर्भमा आ.व. २०८१/८२ मा प्राविधिक समस्याको कारण २४ जना लाभग्राहीको भत्ता रकम निजहरूको खातामा जम्मा नभएकोले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा माग गर्न आवश्यक भएको । | यस गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत वितरण भैरहेकोमा आ.व. २०८१/८२ मा प्राविधिक समस्याका कारण २४ जना लाभग्राहीको भत्ता रकम निजहरुको खातामा जम्मा नभएकोले जम्मा रु १,२०,१०१/- (अक्षरेपि एक लाख बीस हजार एक सय एक रुपैयाँ मात्र) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा माग गर्ने। | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने निर्णय गरियो। |
| २.८ | छुट भुक्तानी दिने सम्बन्धमा । | लुङ्ग्री गाउँपालिकामा आ.व २०८१/८२ मा कार्यालय संचालनको लागी विभिन्न शिर्षकमा खर्च भएको छ, सो सन्दर्भमा उक्त खर्च भएको रकम विविध शिर्षक खर्चमा बजेट अपुग भएको कारण भुक्तानी हुन बाँकी भएकोले सम्बन्धित पसल तथा फर्महरुको लाई भुक्तानी दिन आवश्यक भएको । | लुङ्ग्री गाउँपालिकामा आ.व २०८१/८२ मा कार्यालय संचालनको लागी विभिन्न शिर्षकमा खर्च भएको रकम विविध शिर्षक खर्चमा बजेट अपुग भएको कारण भुक्तानी हुन बाँकी भएकोले देहायको सम्बन्धित पसल तथा फर्महरुलाई भुक्तानी दिने । | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने निर्णय गरियो। |

देहायः

| क.स | भुक्तानी दिनु पर्ने फर्मको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | सुनछहरी मोटरसाईकल वर्कसप, सुनिलस्मृति-०३,रोल्पा | ८२३२५ | |
| २ | दंगिशरण कानुनी सेवा केन्द्र, तुल्सिपुर ६, दाङ | ५०००० | |
| | जम्मा | १३२३२५ | |

| निर्णय नं | विषय | विषयको संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| २.९ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकको निर्णय सम्बन्धमा। | बजेट तथा कार्यक्रम तर्जुमा समितिको मिति २०८२/०४/२२ गतेको बैठकको निर्णय भएको छ, सो सन्दर्भमा उक्त निर्णय स्वीकृत गर्न आवश्यक भएको । | बजेट तथा कार्यक्रम तर्जुमा समितिको मिति २०८२/०४/२२ गतेको निर्णय अनुसार "देउराली मोटरबाटो निर्माण" कार्यको भुक्तानी सम्बन्धमा स्रोत सुनिश्चितता गर्ने सम्बन्धी निर्णयलाई स्वीकृत गरी आगामी हिउँदे अधिवेशनबाट स्रोत सुनिश्चितताका लागि पेस गर्ने । | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने निर्णय गरियो। |

लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## १ औं (पहिलो) गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

(मिति: २०८२/०४/२३)

| निर्णय नं | विषय | विषयको संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| २.१० | लुम्बिनी प्रदेश लोकसेवा आयोगमा कर्मचारी मागको लागि माग आकृति फाराम पठाउने सम्बन्धमा। | संघीय लोकसेवा आयोगको दरबन्दि अनुसार यस गाउँपालिकामा बिभिन्न पदमा स्थायी दरबन्दि रहेको छ, सो सन्दर्भमा रिक्त रहेका पदहरुको लागि लुम्बिनी प्रदेश लोकसेवा आयोगमा माग आकृति फाराम पठाउन आवश्यक भएको । | संघीय लोकसेवा आयोगको दरबन्दि अनुसार यस गाउँपालिकामा बिभिन्न पदमा स्थायी दरबन्दि रहेकोमा रिक्त रहेका पदहरुको लागि लुम्बिनी प्रदेश लोकसेवा आयोगमा कर्मचारी मागका लागि माग आकृति फाराम भरि देहाय बमोजिम पठाउने । | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने निर्णय गरियो। |

देहायः

| क्र.सं. | पदको नाम | तह | सेवा समूह | मागको प्रकृति | कुल माग संख्या |
|---|---|---|---|---|---|
| १ | अधिकृत | सातौं | लेखा | रिक्त | १ |
| २ | शिक्षा अधिकृत | सातौं | शिक्षा प्रशासन | रिक्त | १ |
| ३ | आन्तरिक लेखा परिक्षक | पाचौं | लेखा | रिक्त | १ |
| ४ | लेखा सहायक | पाचौं | लेखा | रिक्त | १ |
| ५ | प्रशासन, सामान्य प्रशासन | पाचौं | प्रशासन | रिक्त | ४ |
| ६ | हे.अ. | पाचौं | स्वास्थ्य | रिक्त | २ |
| ७ | असिस्टेन्ट सब इन्जिनियर | पाचौं | इन्जिनियरिङ, सिभिल | रिक्त | १ |
| ८ | प्रशासन, सामान्य प्रशासन | चौथो | प्रशासन | रिक्त | ३ |